दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २१६ | बुटवल | २०८३ साउन ३१ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday August 16, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## १९० तोला सुनको स्रोत खोज्न नपाइने, हाम्रो स्टकोटको खोज्ने : ओली



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी ओलीले बालेन शाह नेतृत्वको सरकारबाट देश नचल्ने टिप्पणी गरेका छन् । लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ बैठकलाई सम्बोधन गर्न इलाम पुगेका ओलीले सरकारको चर्को आलोचना गरे ।

उनले भने-'हामी विचलित हुनुपर्ने कुनै आवश्यकता छैन । यो देश तपाईं-हाम्रो हो । तपाईं-हामीले यो देशको माया गर्नुपर्छ, यो देश बनाउनुपर्छ ।' उनले सरकारले प्रतिशोध राखेर आफूलाई पक्राउ गरेको बताए । उनले थपे-'यो सरकारले प्रतिबन्ध लगायो । मलाई गिरफ्तार गऱ्यो, रमेश लेखकलाई गऱ्यो, अरू नेताहरूलाई गिरफ्तार गर्न थाल्यो । झुटा मुद्दा लगाउने कोसिस गरे । अर्को जान्नेलाई छान्ने भन्यो, भएका जान्नेहरू सबै निकाल्यो अनि फेरि आफ्नालाई नियुक्ति गऱ्यो ।'

उनले सरकारले बनाएको सम्पत्ति छानबिन आयोगमाथि चर्को असन्तुष्टि जनाए । उनले भने-'तथाकथित आयोग बनाएको रे । छानिछानी मुद्दा लगाउनको लागि, उनीहरूलाई मुद्दा नै नलाग्ने कानुन बनाएको छ, न्यायाधीशलाई मुद्दा नलाग्ने । सेनालाई मुद्दा नलाग्ने ।

» बाँकी ३ पेजमा

## गृहमन्त्री सुधनलाई सांसद सुनारको चेतावनी



बुटवल । गृहमन्त्री सुदन गुरुङले नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आइजीपी) दानबहादुर कार्कीमाथि प्रमाणित नहुँदै गम्भीर आरोप लगाउन नहुने बताएका बेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले दोषीलाई काखी च्यापेर नहिँड्न चेतावनी दिएका छन् ।

सार्वजनिक लेखा समितिको बैठकमा सांसद सुनारले आइजीपी कार्कीमाथि गम्भीर भ्रष्टाचारको आरोप लागेको भन्दै तत्काल निलम्बन गरेर अनुसन्धान अघि बढाउन माग गरेका थिए । त्यसपछि कार्कीमाथि लागेको आरोप र सुनारको मागलाई लिएर पक्ष र विपक्षमा बहस सुरु भएको छ ।

गृहमन्त्री गुरुङले आइजीपी कार्कीलाई सँगै राखेर कसैले आरोप लगाउँदैमा भ्रष्टाचारी भन्न नमिल्ने बताएका थिए । अहिलेको प्रहरी नेतृत्वले सरकारको चाहनाअनुसार काम गरिरहेको भन्दै उनले कार्कीको प्रशंसासमेत गरेका थिए । गृहमन्त्रीले सांसदहरूलाई प्रमाणित नहुँदै आरोप नलगाउन आग्रह गरेका थिए ।

गृहमन्त्रीसहित आइजीपी कार्कीको पक्षमा बोल्नेहरूप्रति सामाजिक सञ्जालमार्फत् जवाफ दिँदै सांसद सुनारले आफूले समितिमा राखेको धारणामा कुनै कमजोरी नरहेको बताएका छन् । उजुरी परेपछि अनुसन्धान र कारबाहीको विकल्प नरहेको उनको भनाइ छ । सुनारले लेखेका छन्-'समितिले स्पष्ट भनेको छ, १५ दिनभित्र सबै कागज पेस गर्न । आवश्यक छानबिन हुन बाँकी छ । कारबाही जारी छ । कोही कसैले पनि आरोपितलाई काखी च्यापेर, केही नभएजसरी अनुसन्धानको क्रममा रहेका व्यक्ति र मुद्दाबारे सिंहदरबारभित्र न्यायाधीश बनेर फैसला गर्दै हिँड्ने हैन ।'

उनले भ्रष्टाचारको आरोप लागेका व्यक्तिलाई बर्दी लगाएर समिति-समितिमा गएर प्रवचन दिने छुट नरहेकोसमेत बताएका छन् ।

'भ्रष्टाचारको आरोपितलाई हुल बाँधेर, बर्दी लगाएर, समिति-समितिमा गएर प्रवचन दिने छुट छैन ।

» बाँकी ३ पेजमा

## अनुभव नभएकालाई शासन सुम्पिँदा देश दुर्घटनाको जोखिममा : लिङ्देन




परासी । राष्ट्रिय प्रजातन्त्र पार्टीका राष्ट्रिय अध्यक्ष राजेन्द्र लिङदेनले देश दुर्घटनाको जोखिममा परेको बताएका छन् । राप्रपा नवलपरासीले सुनवलमा आयोजित जिल्ला अधिवेशनलाई सम्बोधन गदै लिङदेनले अनुभव नभएकालाई शासन सुम्पिँदा देश दुर्घटनाको जोखिममा परेको बताएका हुन् । उनले देश दुर्घटनाको जोखिममा परेकाले बचाउन र दललाई निशेधको राजनीति नगरी सहमतिको बाटोमा हिंड्न जरुरी रहेको बताए ।

सरकारले हरेक क्षेत्रमा आतंक सृजना गेको र जनतामा भ्रम सिर्जना गरेको उनले आरोप लगाए । 'सरकारले गरिब सुकुम्वासीलाई त्रसित बनाउने काम गरेको छ, सरकारको आलोचना गर्नेलाई कृत्रिम मुद्दा चलाएको छ,' लिङ्देनले भने-'सरकारको भनाइ र गराइ फरक छ, भूराजनीतिक हिसाबले त देश झन तहस नहस भएको छ ।'

उनले सरकारले उद्योग खोल्ने हैन, निजी क्षेत्रलाई थप उद्योग खोल्ने वातावरण बनाउनुपर्ने बताए । निजी क्षेत्रलाई उत्साहित बनाउनको लागि लगानीमैत्री र उद्योगमैत्री वातावरण बनाउन जरुरी रहेको उनले बताए । अप्ठ्यारो अवस्थामा गएकोले देशको जोगाउन सबै दल जिम्मेवार भई राजनीतिक परिपक्वता देखाउनुपर्ने लिङ्देनले औंल्याए ।

निर्वाचन समितिका संयोजक सुधिर पाण्डेका अनुसार जिल्ला अधिवेशनमा २४७ जना मतदाता सहभागी हुनेछन् ।

» बाँकी ३ पेजमा

### कांग्रेस इतर समूहको राष्ट्रिय भेला :

# जेनजी आन्दोलनमा घुसपैठको निष्पक्ष छानबिन माग

**भेलामा पेश भएका प्रतिवेदनमा सुशीला कार्की नेतृत्वको सरकार असंवैधानिक रहेको व्याख्या गरिएको छ भने वर्तमान प्रधानमन्त्रीको एक्लै हिंड्ने शैली र सामाजिक सञ्जालको जगमा चल्ने लोकरिझ्याइँका कारण संसद् र दल दुवैसँग दूरी बढ्दै गएको टिप्पणी छ ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसको संस्थापन इतर समूहले मुलुकको लोकतान्त्रिक व्यवस्था र कांग्रेस स्वयं जटिल मोडमा पुगेको निष्कर्षसहित पार्टीलाई संस्थागत, लोकतान्त्रिक र जनउत्तरदायी ढंगबाट पुनर्निर्माण गर्नुपर्ने प्रस्ताव अघि सारेको छ । देउवा समूहको राष्ट्रिय भेलामा पेस भएको 'मुलुकको समसामयिक विषयको प्रस्ताव तयारी समिति'को प्रतिवेदनमा पार्टीलाई संस्थागत, लोकतान्त्रिक र जनउत्तरदायी ढंगबाट पुनर्निर्माण गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

पूर्वपरराष्ट्रमन्त्री एनपी साउदको संयोजकत्वमा गठित समितिले तयार गरेको प्रतिवेदनमा कसैलाई पराजित गर्ने कांग्रेस नभई जनताको विश्वास पुनः जित्ने कांग्रेस आवश्यक रहेको उल्लेख छ । साउदद्वारा बन्दसत्रमा प्रस्तुत प्रस्तावमा भनिएको छ-'आजको आवश्यकता केवल नेतृत्व परिवर्तन मात्र होइन, राजनीतिक संस्कार परिवर्तन हो । नेपाली कांग्रेसलाई बचाउनु भनेको कुनै व्यक्ति, समूह वा पद बचाउनु होइन ।'

प्रस्तावमा २०७९ सालको स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा तीनै तहमा कांग्रेस ठूलो पार्टी भए पनि केन्द्रमा स्पष्ट बहुमत नहुँदा सरकारको नेतृत्व गर्न नपाइएको स्मरण गरिएको छ । '२०७९ पछि कांग्रेस प्रतिपक्षमा पुग्यो । तत्पश्चात् कहिले माओवादीसँग त कहिले एमालेसँग मिलेर सरकार बनाउन बाध्य भयो,' प्रतिवेदनमा भनिएको छ-'कांग्रेस र एमाले दुई ठूला पार्टीको सरकार बनेसँगै संसद्मा प्रतिपक्ष कमजोर हुन पुग्यो । ती सत्ता गठबन्धन परिस्थितिको बाध्यता थिए जसले मूलुकमा स्थिरता दिन सकेन ।'

प्रस्तावमा २०७९ को प्रतिनिधिसभा निर्वाचनमा ८९ सिट जितेको कांग्रेस अहिले ३८ सिटमा सीमित भएको उल्लेख गर्दै पार्टीले निर्वाचन परिणामको गम्भीर आत्मसमीक्षा गर्न नसकेकोमा प्रश्न उठाइएको छ । '२०८२ फागुन २१ को निर्वाचनमा ३८ सिट कायम भएसँगै ऐतिहासिक तवरमै नेपाली कांग्रेस कमजोर पार्टी बनेको छ,' प्रतिवेदनमा भनिएको छ, 'त्यस्तो परिणाम कसरी आयो ? कसले जिम्मेवारी लिनुपर्ने हो ? त्यसमा पार्टीभित्र निर्मम समीक्षा गर्नुपर्थ्यो ।' आत्मसमीक्षा भनेको पराजयको दोष कुनै एक व्यक्ति, गुट वा परिस्थितिलाई दिनु नभएर 'हामी कहाँ चुक्यौं ?' भन्ने प्रश्नको इमानदार उत्तर खोज्नु रहेको पनि प्रतिवेदनमा उल्लेख छ ।

कांग्रेसले गत संसदीय निर्वाचनबाट शिक्षा लिन नसके आगामी राजनीतिक यात्रा अझै कठिन हुने समितिको भनाइ छ । 'निर्वाचन परिणामपछि हारको निर्मम समीक्षा गर्नुको साटो एक पक्षलाई किनारा लगाउने जुन अभ्यास देखापरेको छ, त्यसले कांग्रेसलाई झन् कमजोर तुल्याउने छ ।'- प्रतिवेदनमा भनिएको छ । प्रस्तावमा जेनजी प्रदर्शनलाई पनि विस्तृत रूपमा समेटिएको छ । सामाजिक सञ्जालको बढ्दो प्रभाव, लोकप्रियतावाद, भ्रष्टाचार, कुशासन र जनस्तरमा बढ्दो असन्तुष्टिका कारण स्थापित लोकतान्त्रिक दलहरूमाथि प्रहार भएको विश्लेषण गरिएको छ ।

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रश्न जायज रहेको उल्लेख गर्दै कांग्रेसले प्रतिबन्ध हटाउन तत्कालीन सरकारलाई सुझाव दिएको दाबी गरिएको छ । जेनजी आन्दोलनका क्रममा शान्तिपूर्ण प्रदर्शनमा घुसपैठ गरी हिंसा र अराजकता फैलाइएको दाबी गर्दै प्रस्तावमा घटनाको स्वतन्त्र र निष्पक्ष अनुसन्धान आवश्यक रहेको बताइएको छ ।

'युवाहरूको शान्तिपूर्ण जुलुसमा आकस्मिक शैलीमा घुसपैठ गरी अराजकतामा परिणत गरेको तथ्य राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले सार्वजनिक गरिसकेको छ,' प्रतिवेदनमा भनिएको छ-'जेनजी आन्दोलनका बेला नेपाली कांग्रेसको केन्द्रीय कार्यालयसहित ४८ जिल्लाका कार्यालयमा नियोजित तवरमै आगजनी गराइयो । त्यसरी आगजनी हुँदा कांग्रेसका ऐतिहासिक दस्ताबेजहरू पनि जल्न पुगे ।'

कांग्रेस केन्द्रीय कार्यालयसहित विभिन्न जिल्ला कार्यालय, नेताहरूका निवास तथा ऐतिहासिक राजनीतिक धरोहरमा आगजनी र तोडफोड भएको उल्लेख गर्दै त्यसलाई लोकतान्त्रिक आन्दोलनको स्वीकार्य माध्यम मान्न नसकिने समितिले बताएको छ । कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवासहित १२५ जना नेताहरूको घरमा आगजनी, तोडफोड र लुटपाट गरिएको प्रतिवेदनमा उल्लेख छ । नेता साउद संयोजकत्वको समितिले तयार गरेको प्रतिवेदनमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको पूर्ववर्ती सरकारलाई संविधानको दायराभन्दा बाहिरको सरकारका रूपमा व्याख्या गरिएको छ ।

» बाँकी ३ पेजमा

## वैधानिकतामा अलमल नपरौं : विश्वप्रकाश



बुटवल । नेपाली कांग्रेसका उप-सभापति विश्वप्रकाश शर्माले सभापति र केन्द्रीय समितिको वैधानिकताको विषयमा कुनै अलमलमा पर्नुपर्ने अवस्था नरहेको बताएका छन् ।

शनिबार ललितपुरमा दोस्रो झापा १- काठमाडौं कप फुटसल प्रतियोगितामा सहभागी हुन पुगेका उप-सभापति शर्माले विधिपूर्वक सम्पन्न भएको पार्टीको विशेष महाधिवेशनलाई निर्वाचन आयोग र अदालतले समेत सही भनेको अवस्थामा सभापति र केन्द्रीय समितिको वैधानिकताको विषयमा कुनै अलमलमा पर्नु नपर्ने बताएका हुन् ।

उनले सर्वोच्च अदालतले गरेको फैसला सबैले स्वीकार्नुपर्ने र अदालतले पार्टीको केन्द्रीय समितिलाई बदर नगरेको तथा सभापति गगन थापा नै रहेको कुरा स्पष्ट पारेको स्मरण गर्न संस्थापन इतर समूहलाई आग्रह गरे ।

पार्टी फुट्ने आशंकालाई अस्वीकार गर्दै उपसभापति शर्माले पार्टीमा विधिको सर्वोच्चता रहने दाबी गरे । उनले खेलमा दर्शकले नभई रेफ्रीले मात्र पहेँलो वा रातो कार्ड देखाउन पाएजस्तै, राजनीतिमा पनि आधिकारिक निर्णय लिने वा 'कार्ड' देखाउने अधिकार केवल निर्वाचन आयोग र सर्वोच्च अदालतलाई मात्र हुने तर्क गरे ।

# रोल्पामा दुई दिनमा पहिरोले १५ जनाको मृत्यु

रोल्पा । रोल्पाको पूर्वी क्षेत्रमा पहिरोमा परेर दुई दिनमै १५ जनाको मृत्यु भएको छ । २ जना बेपत्ता भएका छन् । दुई जना घाइतेको उपचार भइरहेको छ । साथै ठूलो भौतिक क्षति पुऱ्याएको छ । दुई दिन लगातार भएको मानवीय र भौतिक क्षतिले थबाङ गाउँपालिका र सुनछहरी गाउँपालिका शोकमा छन् ।

गत २७ गते बुधबार थबाङ गाउँपालिका -५ कोटलबारामा पहिरोले एउटा बस्ती नै बगायो । पहिरोमा परेर ११ जनाको मृत्यु भएको छ । दुई जना अझै बेपत्ता छन् । उनीहरुको खोजी भइरहेको छ । २ जनाको बुटवलमा उपचार भइरहेको छ ।

पहिरोले दिएको पीडा सहन नसक्ने अवस्थामा छन् आफन्त र स्थानीवासीहरू ।

कोटलबाराको पहिरोमा १८ वर्षीया शान्ति पुनमगर, ६० वर्षीय कमलबहादुर पुनमगर, ७५ वर्षीय दलबहादुर पुनमगर, ८० वर्षीया मनखना पुनमगर, ८५ वर्षीया हस्तकला रोकामगर,७ वर्षीय अशोक पुनमगर,३४ वर्षीय महेन्द्र घर्ती, ६६ वर्षीया मनी पुनमगर, ३४ वर्षीया विष्णु पुनमगर र ८० वर्षीय बलबहादुर पुन मगर र ६१ वर्षीय लिलबहादुर पुनमगरको मृत्यु भएको छ ।

९ वर्षीय अशिम पुनमगर र ८० वर्षीय अजम्बर पुनमगर बेपत्ता रहेका छन् । घाइते भएका २२ वर्षीय हिमाल पुनमगर र २५ वर्षीय सञ्जय घर्तीमगरको प्रादेशिक अस्पताल बुटवलमा उपचार भइरहेको छ । ११ जनाको मृत्यु, २ जना बेपत्ता र २ जना घाइते भएको थबाङ चिन्तित र शोकमा रहेको गाउँपालिकाका अध्यक्ष ऋषिकेशव बुढामगरले बताए ।

थबाङमा मात्रै पहिरोमा परेर ९ घर, एक घुम्ती पसल, दुई गोठ र एक चर्च गरी १३ वटा संरचना बगाएको थियो ।

रोल्पाकै सुनछहरी गाउँपालिका-२ फलबाङ्ग र गिठ्ठेमा पनि पहिरोमा परेर चार जनाको मृत्यु भएको छ । सुनछहरी-२ फलबाङ्गका ७७ वर्षीय वीरबहादुर घर्तीमगर, ६८ वर्षीया शनी घर्तीमगर,७० वर्षीया लली घर्तीमगर र गिठ्ठेमा बस्ने ६४ वर्षीय लामी घर्तीमगर रहेका छन् ।

सुनछहरीका अध्यक्ष धनबहादुर पुनमगर अघिल्लो दिनको थबाङ-५ कोटलबारामा गएको पहिरोमा मृतक र बेपत्ताको उद्धारका लागि खटिएका थिए । तर, उस्तै घटना आफ्नो पालिकामा भयो ।

चारजनाको पहिरोमा परी मृत्यु भएको घटनाले आफू मर्माहत भएको अध्यक्ष धनबहादुरले बताए ।

घटनाप्रति प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले पनि विज्ञप्ति जारी गर्दै दुःख व्यक्त गरेको छ ।



## सम्पादकीय

# कर्मचारी प्रशासनमा बेथितिलाई निम्ता

निजामति प्रशासन स्थायी सरकार हो । चुनावबाट राजनैतिक नेतृत्व आवधिक समयका लागि आउँछ । निजामति प्रशासन निरन्तर रहन्छ, जसले सरकारको काम गरिरहेको हुन्छ । निजामति प्रशासनलाई चुस्त र प्रभावकारी परिचालनबाट नै राजनैतिक नेतृत्वले चुनावमा गरेको वाचा पूरा गर्न र नागरिकका आकांक्षा पूरा गर्न सम्भव छ । राजनैतिक नेतृत्वले गर्ने संयोजनकारी भूमिकाले नै निजामति प्रशासनलाई गतिशील बनाउँछ। अहिले निजामति प्रशासन र राजनैतिक नेतृत्वकाबिच जुन ढंगले अविश्वास र दरार पैदा भएको छ, यसले सरकारका काम कारबाही प्रभावित हुने देखिन्छ।

सरकार हुनु भनेको राजनैतिक नेतृत्व हुनु मात्रै होइन। राजनैतिक नेतृत्व अग्रस्थानमा देखिने मात्रै हो । राजनैतिक नेतृत्वको योजना र नीतिलाई कार्यान्वयनमा लैजाने निजामति प्रशासनले नै हो । फागनु २१ को चुनावपछि आएको सरकारले निजामति प्रशासनलाई संयोजनकारी ढंगले परिचालन गर्नुको साटो धाकधम्की र विधिबाहिरबाट निर्देशित गर्न थालेको छ । कुनै वैधानिक निकायले नचिन्ने सचिवालयका सदस्यले निजामति प्रशासन चलाउन थाल्दा जीवनको उर्जामय समय निजामति प्रशासनमा बिताएका उर्जावान उच्च प्रशासकहरु धमाधम बाहिरिनु अस्वभाविक हो, अनुभवी प्रशासक बाहिरिंदा सरकारको परिपक्क कामलाई असर पर्ने देखिन्छ। सरकारले सेवाअवधि ३० वर्ष र उमेर ५५ वर्ष पुगेका कर्मचारीलाई अवकाश दिने गरी निजामति ऐन संशोधन गर्ने तयारी गरेको छ। ठूलो संख्यामा अनुभवी कर्मचारी एकैपल्ट बाहिरिने गरी ऐन ल्याउन नहुने भन्दै विज्ञहरुले दिएको सुझावलाई सरकारले बेवास्ता गरेको छ । निजामति प्रशासन विधिले चलाउनुको साटो सचिवालयका सदस्यबाट चलाउन थालिएको छ। प्रधानमन्त्रीको सचिवालय सदस्यहरुले सिधैँ सचिवलाई निर्देशन दिने हैसियत राखेका छन् । जबकि प्रधानमन्त्रीको सचिवालय सदस्यले सिधैँ सचिवहरुलाई निर्देशन दिने हैसियत राख्दैनन् ।

प्रधानमन्त्रीको सचिवालयमा अहिले २७ जना छन् । मन्त्रीदेखि राज्यमन्त्री हुँदै अधिकृतसम्मको तलब खाने सचिवालय सदस्यको दबाबमा निजामति प्रशासन रुमलिएको छ। उनीहरुको ज्यादतीपूर्ण कार्यकै कारण एकदर्जन उच्च प्रशासकले राजीनामा दिएका छन् । प्रधानमन्त्रीको सचिवालय सदस्यहरु कुन हदसम्म हैसियत बाहिरको काम गर्छन् भन्ने राहदानी प्रकरणमा देखाएको अतिरिक्त चासो र दबाब बाटै छर्लङ्ग हुन्छ। ठेक्का भइसकेको राहदानी छपाइको काम अर्को कम्पनीलाई दिनका लागि उनीहरुले दिएको दबाब अस्वभाविक र गैरकानुनी थियो । यस्तो गलत काम रोक्न प्रधानमन्त्रीले छरितो ढंगले पहलकदमी लिएनन् । अन्ततः परराष्ट्रमन्त्री शिशिर खनालको सक्रियतामा राहदानी छपाइको काम अघि बढ्यो । अहिले मन्त्रीहरुको सचिवालय संख्या ठूलो हुन लागेको छ। तिनै सचिवालय सदस्यले मन्त्रालयका अगुवाइ गर्न थालेका छन्। लामो अनुभव भएका प्रशासक उनीहरुको सामु निरिह हुन थालेका छन् । उनीहरुमाँझ निरिह भएर बस्नुभन्दा सम्मानपूर्वक बाँच्नका लागि धमाधम राजीनामा दिएको हुनसक्छ।

मन्त्रीपरिषद्बाट स्वीकृत भए अनुसार सल्लाहकारतर्फ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय र कृषि, वन तथा पर्यावरण मन्त्रालयले नेपाल सरकारको विशिष्ट श्रेणीसरहको १ जना वैतनिकसहित बढीमा ५ जनासम्म सल्लाहकार नियुक्त गर्न सक्नेछन्। अन्य मन्त्रालयहरूले नेपाल सरकारको विशिष्ट श्रेणी सरहको १ जना वैतनिकसहित बढीमा ३ जनासम्म सल्लाहकार नियुक्त गर्न पाउनेछन् । त्यसैगरी, स्वकीय सचिवालयतर्फ उप-प्रधानमन्त्रीको हकमा राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव सरह) १ जना र मन्त्री वा राज्यमन्त्रीको हकमा राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिव सरह) १ जना प्रमुख स्वकीय सचिव रहने व्यवस्था गरिएको छ । त्यसैगरी, स्वकीय सचिवतर्फ उप-प्रधानमन्त्री तथा मन्त्री/राज्यमन्त्री दुवैको हकमा राजपत्राङ्कित तृतीय श्रेणी (शाखा अधिकृत सरह) १/१ जना रहने प्रावधान राखिएको छ।

दुवैको हकमा राजपत्राङ्कित तृतीय श्रेणी (शाखा अधिकृत सरह) १/१ जना समन्वय, कार्यान्वयन तथा अनुगमन अधिकृत रहने व्यवस्था गरिएको छ। डा. स्वर्णिम वाग्लेले २०८३ साउन ११ गते अर्थ मन्त्रालयमा आयोजित वार्षिक राजस्व समीक्षा बैठकमा मन्त्रालयहरूमा अनावश्यक रूपमा सल्लाहकारको ठूलो फौज राखेर राज्यलाई भार थपिएको भन्दै असन्तुष्टि जनाएका थिए।

सचिवालय सदस्यको भरमा सरकार चलाएर सफल भइन्न । तत्कालका लागि कस्मेटिक प्रचार गर्न सकिएला ? तर नागरिक आकांक्षा पूर्ति गर्न विधिमा टेकेर थिति बसाल्दा मात्रै सम्भव छ। निजामति कर्मचारीलाई दपेट्ने र सचिवालय सदस्यले कर्मचारी परिचालन गर्दा कर्मचारी प्रशासनमा अराजकता निम्तिने जोखिम बढेको छ। यस्तो प्रवृत्तिले थिति होइन्, बेथिति बढ्ने छ। दुई तिहाई नजिकको सरकारको यो चालले नागरिक आकांक्षा सम्बोधन गर्न र आशा जगाउन कठिन छ।

# अदृश्य आँसु, मुस्कान र जीवनको अनवरत यात्रा



सुजन न्यौपाने

आफ्नो कमजोरी वा पीडा अरूका अगाडि देखाएर सहानुभूति बटुल्नुभन्दा मुस्कानको ढाल ओढेर उभिनु धेरै गुणा सम्मानजनक हुन्छ।

जब कसैले तपाईंलाई दुःखी बनाउन खोज्छ र तपाईं मुस्कुराइदिनुहुन्छ, तब उसको ठग्ने प्रयास वा षड्यन्त्र त्यहीँ विफल हुन्छ।

आफन्तको छल र दरिलो बन्दै गएको ओठको घेरा

पराएले छल गर्दा मन दुख्छ, तर त्यो दुखाइ समयसँगै निको हुन्छ। जब आफ्नै भनिएकाहरू, जसलाई आफ्नो मुटुको टुक्रा वा विश्वासको खम्बा मानेको हुन्छ, तिनैले छल गर्छन्, तब मुटुमा परेको घाउ धेरै गहिरो हुन्छ।

आफन्तको छलले मानिसलाई भित्रैबाट भाँच्छ, तर यही भाँचिएको मनलाई जोड्ने काम फेरि त्यही मुस्कानले गर्छ।

आफन्तको छलले मानिसलाई नाता र सम्बन्धको वास्तविक धरातल बुझ्न मद्दत गर्छ।



मुस्कान केवल ओठको मोड वा अनुहारको एउटा अभिव्यक्ति मात्र होइन, यो कहिलेकाहीँ मानिसको सबैभन्दा बलियो ढाल र गहिरो रहस्य पनि बन्न पुग्छ। बाहिरबाट हेर्दा देखिने उज्यालो र हँसिलो अनुहारको पछाडि कति धेरै आँसु, निराशा र नभनिएका वेदनाहरू लुकेका हुन्छन् भन्ने कुरा त्यो मुस्कान पहिरिने मानिसलाई मात्र थाहा हुन्छ।

मेरो भोगाइमा सुखमा मुस्कुराउनु सामान्य मानवीय स्वभाव हो, तर दुःख र पीडाको भुमरीमा परेर पनि मुस्कानलाई ओठबाट नछाड्नु एउटा बेग्लै जीवन-दर्शन हो । जब पीडाहरू श्रृंखलाबद्ध रूपमा आउन थाल्छन्, मानिसका अगाडि दुईवटा बाटो बाँकी रहन्छन्, कि त ती पीडाको अगाडि घुँडा टेकेर सधैँका लागि रुनु, कि त ती पीडालाई आफ्नो नजिकको मित्र मानेर मुस्कुराउँदै अगाडि बढ्नु।

**पीडा र दुःख मेरो जीवनका सबैभन्दा नजिकका सहयात्री**

जीवनको यात्रामा खुसीहरू प्रायः क्षणिक हुन्छन् । ती पाहुनाजस्तै आउँछन्, केही समय बिताउँछन् र बिदा हुन्छन् । तर दुःख, निराशा र पीडाहरू यस्ता साथी हुन्, जसले कहिल्यै साथ छाड्दैनन् । जब दुःख र पीडा जीवनका अभिन्न हिस्सा बन्छन्, तब मानिसले तिनलाई शत्रु ठान्न छाड्छ। तिनलाई आफ्नै नजिकको मित्रको रूपमा स्वीकार गर्न थाल्छ।

सुखले मानिसलाई भ्रममा राख्न सक्छ, तर दुःखले सधैँ यथार्थको ऐना देखाउँछ।

पटक-पटक आउने पीडाहरूले मानिसको मनलाई गहिरो र सहनशील बनाउँछन् ।

जब दुःखलाई शत्रु नभई आफ्नै जीवनको एउटा पाटो मानिन्छ, तब त्यसले मानिसलाई भित्रैबाट बलियो बनाउँछ

जब मानिस पटक-पटक अरूबाट ठगिन्छ, लुटिन्छ वा धोका पाउँछ, तब उसको मनमा गहिरो चोट पुग्छ। तर, अनुभव र समयसँगै त्यो चोटलाई व्यक्त गर्ने तरिका परिवर्तन हुन्छ । पहिलो पटक ठगिँदा आउने आँसु, बिस्तारै-बिस्तारै एउटा गम्भीर मुस्कानमा परिणत हुन्छ।

यो मुस्कान हारको वा कमजोरीको प्रतीक होइन। यो त जीवनका कठोर सत्यहरूलाई बुझिसकेपछिको एउटा दरिलो सङ्केत हो।

ठगिएपछि आउने मुस्कानले भन्ने गर्छ –

'मलाई तिम्रो नियत थाहा भइसक्यो, तर म आफ्नो संस्कार छाड्दिनँ।'

आफ्नो कमजोरी वा पीडा अरूका अगाडि देखाएर सहानुभूति बटुल्नुभन्दा मुस्कानको ढाल ओढेर उभिनु धेरै गुणा सम्मानजनक हुन्छ।

जब कसैले तपाईंलाई दुःखी बनाउन खोज्छ र तपाईं मुस्कुराइदिनुहुन्छ, तब उसको ठग्ने प्रयास वा षड्यन्त्र त्यहीँ विफल हुन्छ।

**आफन्तको छल र दरिलो बन्दै गएको ओठको घेरा**

पराएले छल गर्दा मन दुख्छ, तर त्यो दुखाइ समयसँगै निको हुन्छ। जब आफ्नै भनिएकाहरू, जसलाई आफ्नो मुटुको टुक्रा वा विश्वासको खम्बा मानेको हुन्छ, तिनैले छल गर्छन्, तब मुटुमा परेको घाउ धेरै गहिरो हुन्छ।

आफन्तको छलले मानिसलाई भित्रैबाट भाँच्छ, तर यही भाँचिएको मनलाई जोड्ने काम फेरि त्यही मुस्कानले गर्छ।

आफन्तको छलले मानिसलाई नाता र सम्बन्धको वास्तविक धरातल बुझ्न मद्दत गर्छ।

यस्तो छलपछि ओठमा आउने मुस्कान झनै दरिलो, गम्भीर र कठोर बन्छ। यो मुस्कानले मानिसलाई कसैमाथि अन्धो विश्वास नगर्न र आफ्नै बलमा उभिन सिकाउँछ।

साँचीकै म जीवनरूपी बाटोको यक यात्री हुँ । कसैले चाँडै आफ्नो गन्तव्य भेट्छन् भने कसैको यात्रा अनन्तसम्म चलिरहन्छ। गन्तव्य नभेटिनु, बाटोमा हजारौँ हिलाम्मे र काँढाघारीहरू भेटिनु, र अझै पनि हिँडिरहनु नै जीवनको वास्तविक सौन्दर्य हो।

'गन्तव्य त केवल यात्राको अन्त्य हो, तर वास्तविक जीवन त त्यही यात्राका पाइलाहरूमा लुकेको हुन्छ।

जब गन्तव्य टाढा हुन्छ र बाटो कठिन, तब ओठको मुस्कान नै यात्रीको सबैभन्दा ठूलो ऊर्जा बन्छ। यसले थाकेका पाइलाहरूलाई अगाडि बढाउने हौसला दिन्छ र अँध्यारो बाटोमा पनि उज्यालोको आशा जगाउँछ।

मुस्कान सधैँ खुसीको अभिव्यक्ति मात्र होइन, यो सङ्घर्षको विगुल पनि हो । पीडामा मुस्कुराउने मानिसलाई संसारको कुनै पनि शक्तिले सजिलै हराउन सक्दैन।

तेयो आन्तरिक शक्ति किन नहोस : बाहिर मानिसहरूले तपाईंको ओठको मुस्कान मात्र देख्छन्, तर त्यसका पछाडि लुकेको आँसुको महासागर र सङ्घर्षको कथा तपाईंको आन्तरिक शक्ति हो।

मलाई लाग्छ र मेरो वास्तविक भोगाईले भन्छ चिच्याएर, रोएर वा आफ्नो दुखाइ अरूलाई देखाएर पीडा कम हुँदैन। शान्त रहेर मुस्कुराउँदा मनले एउटा बेग्लै प्रकारको धैर्यता र शान्ति प्राप्त गर्छ।

जीवनमा जतिसुकै आँधीबेहरी आए पनि, आफन्तहरूले साथ छाडे पनि, र गन्तव्य अझै धमिलो नै देखिए पनि, आफ्नो ओठको दरिलो मुस्कानलाई कहिल्यै हराउन नदिनुहोस् । यही मुस्कान नै तपाईंको सबैभन्दा ठूलो जित हो । अन्ततः मलाई हराउन खोज्नेहरूले मलाई सिध्याउन सकेनन्; तिनले त केवल मेरो ओठको मुस्कानलाई अझै परिपक्व बनाइदिए र यही मुस्कान नै मेरो जीवनको सबैभन्दा सुन्दर बदला र अन्तिम जित बन्यो।

# स्याङ्जामा एकै वर्षमा चार सडक पुल

प्रकाश डोटेल
*स्याङ्जा*

स्याङ्जामा गएको एक वर्षको अवधिमा चार वटा सडक पुल निर्माण भएका छन् । आर्थिक वर्ष २०८२/८३ मा पूर्वाधार विकास कार्यालय स्याङ्जाले जिल्लाका विभिन्न ग्रामीण सडकखण्डमा एकै वर्षभित्र चार वटा सडक पुल निर्माण गरेको हो।

स्याङ्जाको बिरुवा गाउँपालिकामा दुई, गल्याङ नगरपालिकामा एक र फेदीखोला गाउँपालिकामा एक गरी चार वटा सडक पुल निर्माण भएको छ। झण्डै १९ करोडको लागतमा चार वटा पुल निर्माण भएको कार्यालयले जनाएको छ। गएकै वर्ष ६ वटा सडक पुल निर्माण गर्ने लक्ष्य लिइएकोमा चार वटामात्रै पुल निर्माण सम्पन्न भएको कार्यालयले जनाएको छ।

बिरुवा गाउँपालिकामा निर्माण भएका दुई पुलमध्ये राक्सेघाटमा चार करोड ९२ लाख ७१ हजार रुपैयाँमा बनेको हो भने गैरीघाट पुल पाँच करोड ५१ लाख ७५ हजार रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको हो। त्यस्तै गल्याङको रातोपुल पाँच करोड ४६ लाख १४ हजार रुपैयाँ र फेदीखोलाको खत्रीरहस्थित तिलस्वाँरा पुल तीन करोड १९ लाख ९४ हजारको लागतमा बनेको पूर्वाधार कार्यालयका प्रमुख इन्जिनियर गुरुदत्त अधिकारीले जानकारी दिए।

उनका अनुसार ग्रामीण सडकखण्डमा पुल बनेसँगै स्थानीयलाई आवतजावत गर्न सहज भएको छ । दैनिक रुपमा स्थानीयलाई आवतजावतसँगै स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तु निकासी गर्न सडक पुलले सहजता पुऱ्याएको स्थानीयले बताएका छन् । पुलको अभावमा सवारीसाधन र पैदलयात्रु खोला वारपार गर्न स्थानीयले वर्षौंदेखि सास्ती भोग्दै आएका थिए।



६ वटा सडक पुलमध्ये पुतलीबजार नगरपालिकाको सिंहाले र फेदीखोला गाउँपालिकाको सेतीखोलामा लक्ष्य अनुरुप सडक पुल बन्न नसकेको कार्यालयले जनाएको छ। चार करोड ५२ लाख ६८ हजार रुपैयाँ लागत रहेको सिंहाले पुलको झण्डै ५० प्रतिशत र चार करोड ९४ लाख ६३ हजार लागतको सेतीखोला पुल ४० प्रतिशत काम सकिएको कार्यालयका इन्जिनियर पोषराज पौडेलले जनाए।

निर्माण कम्पनीको लापरबाहीले सिंहाले र सेतीखोला पुल समयमै निर्माण हुन नसकेको कार्यालयले जनाएको छ । सुयान विल्डर्स निर्माण कम्पनी वालिङले जिम्मा पाएको दुबै सडक पुल निर्माण सामग्रीको सहज आपूर्ति नहुँदा र महँगी कारणले निर्माण हुन नसकेको कम्पनीले दाबी गरेको छ। तोकिएको समयमै पुल बन्न नसक्दा झण्डै एक करोड ६० लाख रुपैयाँ फ्रिज भएको छ।

त्यस्तै पूर्वाधार विकास कार्यालयले गएकै वर्ष झण्डै एक करोड ४५ लाख रुपैयाँको लागतमा चार वटा झोलुङ्गे पुल निर्माण गरेको छ । पुतलीबजारको नारायणस्था-मुजवा, चापाकोटको माडीस्थित बर्कानटार-कसेनी, भीरकोट नगरपालिकाको धुवादी खोलामा चरांग-साउन्दी जोड्ने गरी र हरिनाश गाउँपालिकाको लालही-बलाम्दी जोड्ने गरी झोलुङ्गे पुल निर्माण गरेको कार्यालयले जनाएको छ।

# अर्जुनी सर्पदंश उपचार केन्द्रबाट स्थानीय लाभान्वित



महेन्द्रनगर । नेपाली सेनाले कञ्चनपुरको अर्जुनीमा सञ्चालन गरेको सर्पदंश उपचार केन्द्रबाट एक हजार ९९६ जना लाभान्वित भएका छन्।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको रणसिंहदल गण, मझगाउँ ब्यारेकअन्तर्गत अर्जुनीमा रहेको सर्पदंश उपचार केन्द्रमो एक हजार ३५१ जना महिला र ६४५ पुरुषले सेवा लिएका हुन्।

सेना र स्थानीय समुदायको संयुक्त व्यवस्थापनमा २०७१ सालमा केन्द्र स्थापना भएको हो । स्थापनाकालदेखि नै केन्द्रबाट २४ सै घण्टा सेवा प्रवाह हुँदै आएको रणसिंहदल गणले जनाएको छ।

गणका प्रमुख सेनानी प्रकाश घिमिरेका अनुसार केन्द्रलाई औषधि तथा उपकरण बेदकोट र शुक्लाफाँटा नगरपालिका, स्वास्थ्य कार्यालय कञ्चनपुर तथा प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रबाट उपलब्ध हुँदै आएको छ।

सेनाले विभिन्न विद्यालयमा पुगेर विद्यार्थीलाई सर्पदंशसम्बन्धी चेतनामूलक कक्षा सञ्चालन गर्दै आएको छ।

# साहित्यिक पर्यटन सद्भाव यात्रा

बुटवल । लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपाल केन्द्रीय समितिको समन्वय तथा रूपन्देही कार्यसमितिको आयोजनामा साहित्यिक पर्यटन सद्भाव यात्रा २०८३ सम्पन्न भएको छ ।

पर्यटन, गोष्ठी, कृति विमोचन तथा रचना वाचनसहित आयोजना गरिएको उक्त कार्यक्रममा रूपन्देहीको बुटवलस्थित ऐतिहासिक जितगढी किल्ला, शङ्करनगर वनविहार तथा अनुसन्धान केन्द्र, जिल्लाको देवदहस्थित एसियाको दोस्रो ठुलो वृक्ष पागरी वृक्ष तथा पुरातात्विक स्थल बुद्धको मावली भवानीपुर पुगी अध्ययन अवलोकन गर्नुका साथै आफ्ना सिर्जना पाठ गरिएको थियो ।

जिल्लाको सिद्धार्थनगरस्थित लुम्बिनी प्रवेशद्वारबाट सुरु भएको यात्रामा कवि, लेखक, कलाकार एवम् संस्कृतिविद्हरू गरी ५० जनाको समूहलाई जितगढीको ऐतिहासिक र सामरिक महत्त्वका बारेमा लेखक एवम् संस्कृतिविद् देवेन्द्रराज शाक्यले जानकारी गराए भने पाकरी वृक्षको ऐतिहासिकता, महत्त्व र विशेषताबारे स्थानीय जानकार रुद्र पाण्डेले प्रकाश पारेका थिए । शङ्करनगर वनविहार तथा अनुसन्धान केन्द्रका बारे व्यवस्थापक महेन्द्र बस्नेतले जानकारी गराए ।

त्यस्तै पुरातात्विक स्थल एवम् बुद्धको मावली भवानीपुरका बारेमा कोलिय राज्य बुद्ध मावली क्षेत्र विकास समितिका पूर्व अध्यक्ष लीलाबल्लभ भट्टराईले प्रकाश पार्दै लुम्बिनी आएका मध्ये ५% पर्यटक पनि भवानीपुर नआएको तथा यसको समग्र विकासका निम्ति गम्भीर बनेर बजेट नपारिएकोमा दुखेसो व्यक्त गरे ।

भ्रमण टोली लुम्बिनी पुगेर लुम्बिनी बौद्ध विश्वविद्यालयमा आयोजित समापन समारोहमा सहभागी भयो ।

कार्यक्रमका प्रमुख अतिथि लेखक संस्कृतिविद् विजय सागरले सामूहिक पहल र सहकार्यबाट सर्जकहरूले भ्रमणमा देखेका र अनुभव गरेका विषयवस्तु उजागर गरी लेख्दा पर्यटन प्रवर्धनमा ठुलो योगदान पुग्ने उल्लेख गरे। त्यस्तै विशिष्ट अतिथि एवम् लुम्बिनी बौद्ध विश्वविद्यालयका अनुसन्धान निर्देशक प्रा.डा. गितु गिरीले सबै जिल्लाका पर्यटन सम्बन्धी गहकिला सामग्री जुटाउन सकिएमा अनुसन्धान केन्द्र त्यस्ता सामग्रीलाई पुस्तकका रूपमा प्रकाशन गराउन तयार रहेको बताए ।

कार्यक्रममा एम. बि. खड्काको 'सङ्गत' नामक उपन्याससमेत विमोचन गरिएको थियो । प्रतिष्ठानका केन्द्रीय उपाध्यक्ष एवम् कार्यक्रम संयोजक तिलक लामिछानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ चित्रकार मन गोल्डी, साहित्यकारहरू रुद्र ज्ञवाली, डा. शङ्करप्रसाद नेपाल, रमेश समर्थन, डाक्टर श्याम न्यौपाने, कविता पन्थी, दुर्गा थापा मगर, उद्धव देवकोटा, डीआर न्यौपाने सूर्य, डाक्टर लक्ष्मी पोखेल, विष्णु भण्डारी, कमला पाण्डे भण्डारी, लक्ष्मण ज्ञवाली, थम गुरुङ, सिर्जना खनाल तथा प्रतिष्ठानका केन्द्रीय अध्यक्ष ऋषि आजादलगायतले मन्तव्य तथा रचना पाठ गरेका थिए ।

विभिन्न पर्यटकीय गन्तव्य स्थलहरूमा सरु ज्ञवाली, यदु लामिछाने, सरला गाहा, लक्ष्मी पाण्डे, गोविन्दप्रसाद रेग्मी, यज्ञलाल सुवेदी, खगेन्द्र बस्याल, रामप्रसाद बस्याल, कमल पोखेल निश्छल, गङ्गा घिमिरे, सङ्गम अनुरागी, अनमोल शर्मा, विष्णु गजुरेल, नारायण भण्डारी, सावित्री घिमिरे, दिवस पाण्डे, अम्बिका पोखेल, राधा भट्टराई, आरोग्य गौतमलगायतले रचना पाठ गरेका थिए ।

कार्यक्रम प्रतिष्ठानका रूपन्देही सचिव कृष्ण पाण्डेको सञ्चालन तथा अध्यक्ष छवि ज्ञवालीको स्वागत मन्तव्यमा सम्पन्न भएको हो । लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनी सांस्कृतिक नगरपालिका, देवदह नगरपालिका तथा शङ्करनगर वनविहारले कार्यक्रम सफल पार्न सहयोग पुऱ्याएका थिए ।

# ग्रामीण विकास लघुवित्तको वार्षिकोत्सव




बुटवल । ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले वार्षिकोत्सव मनाएको छ ।

संस्थाले शनिबार बुटवलमा एक समारोहबीच वार्षिकोत्सव मनाएको हो ।

सो अवसरमा ५७ जिल्लामा प्रधान कार्यालय सहित २०० शाखा कार्यालयमार्फत् १५ अर्ब ८२ करोड रुपैयाँ कर्जा प्रवाह गरेको जानकारी गराइएको छ । संस्थाको कुल सदस्य संख्या २ लाख ६८ हजार ६९९ रहेकोमा महिला सदस्य २ लाख ३० हजार ९०५ र पुरुष सदस्य ३७ हजार ७९४ रहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत श्याम कुमार कटुवालले बताए। प्रमुख कार्यकारी अधिकृत कटुवालले कुल ऋणीको संख्या ९२ हजार ८९६ रहेकोमा महिला ८४ हजार ११२ र पुरुष ८ हजार ७८४ जना रहेको बताए ।

सो अवसरमा संस्थाका अध्यक्ष डा. नहकुल केसीले सुशासन र जोखिम व्यवस्थापनमा ध्यान दिदै प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्न सुझाव दिए । अध्यक्ष केसीले वित्तीय संस्था सवल बनाउनका लागि कर्जा व्यस्थापन र वित्तीय अनुसाशनमा गम्भीर हुन निर्देशन दिए ।

संस्थाका सञ्चालक अच्युत गौतमले परियोजना भएका समुहहरुका लागि लघुवित्त वित्तीय संस्था अभिभावक भएको बताए ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेलका नायव कार्यकारी प्रमुख दीपकप्रसाद पाण्डेले कर्जा लिएकाहरुले परियोजना अनुरुप कर्जाको सदुपयोग गरे नगरेको बारेमा गम्भीर भै सोही अनुरुप अनुगमन गर्न जरुरी रहेको बताए ।

आरएसडीसी लघु वित्तीय संस्थाका ध्रुव कुमार पौडेलले लघुवित्त वित्तीय संस्थाहरुमा वित्तीय संकट बढ्दै गएकोले कर्जा लगानीमा गम्भीर हुने सुझाव दिए ।

सोही अवसरमा वितेको आर्थिक वर्षमा कर्जा लगानी, असुली, निष्कृय कर्जा प्रतिशत, बचत संकलन र मुनाफाका आधारमा ३ वटा शाखालाई पुरस्कृत गरिएको हो । त्यसरी पुरस्कृत हुनेमा दाङको लालटीया शाखा प्रथम, सुनसरीको इनरुवा शाखा दोस्रो र रुपन्देहीको सेमलाल शाखा तेस्रो बन्दै पुरस्कृत भएका छन् । त्यस्तै सबै शाखावाट गरी १७९ जना उत्कृट ग्राहक सदस्यलाई पनि पुरस्कृत गरिएको प्रबन्धक मधुसुदन पोखरेलले बताए ।

# रास्वपाद्वारा युवा सरोकार विषयक संवाद तथा सुझाव संकलन



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी बुटवल नगर समितिको आयोजनामा शनिबार बुटवलमा आयोजित युवा सरोकार विषयक संवाद तथा सुझाव संकलन कार्यक्रममा सहभागी युवाहरूले बेरोजगारी, बेथिति, सुशासनको अभाव तथा शिक्षा र रोजगारीका लागि विदेशिनुपर्ने बाध्यताको अन्त्य गर्न सरकारसँग माग गरेका छन् ।

कार्यक्रममा युवाहरूले देशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्ने, राज्यका निकायमा देखिएको बेथिति अन्त्य गर्नुपर्ने तथा युवालाई नीति निर्माणको तहमा अर्थपूर्ण रूपमा सहभागी गराउनुपर्नेमा जोड दिएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी बुटवल नगर समितिका अध्यक्ष राजन पाण्डेले युवा पुस्ता राष्ट्र निर्माणको महत्वपूर्ण शक्ति भएकाले युवाले भोगिरहेका समस्या समाधानमा सरकार गम्भीर बन्नुपर्ने बताए ।

त्यस्तैगरी रुपन्देही क्षेत्र नं. २ का सांसद सुलभ खरेलले युवाका समस्या तत्कालीन रूपमा सम्बोधन गर्नुका साथै दीर्घकालीन नीतिमार्फत समाधान गर्नुपर्ने आवश्यकता रहेको बताए । उनले शिक्षा र रोजगारीका लागि नेपाली युवाले विदेशिनुपर्ने बाध्यताको अन्त्य हुने गरी राज्यले स्पष्ट र प्रभावकारी नीति निर्माण गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा युवाहरूले उठाएका सवालको जवाफ दिँदै प्रधानमन्त्रीको सचिवालयका सुदीप ढकाल र सन्तोष गिरी, राष्ट्रिय स्वतन्त्र पार्टी लुम्बिनी प्रदेश अध्यक्ष शालिकराम घिमिरे तथा रुपन्देही जिल्ला अध्यक्ष महेन्द्र उपाध्याय, पूर्व सैनामैनाका नगर प्रमुख चित्र बहादुर कार्कीलगायतले युवाका समस्या र सुझावलाई गम्भीर रूपमा लिनुपर्ने धारणा राखे ।

उनीहरूले युवाका आवाजलाई केवल संवाद र कार्यक्रममा सीमित नराखी नीति, योजना र कार्यान्वयनको तहसम्म पुऱ्याउन आवश्यक रहेको बताए । युवाहरुले उठाएका विषयलाई प्रधानमन्त्री समक्ष पुराएर समाधानका लागि सुझाव दिने पनि आस्वासन दिए । कार्यक्रममा नगर उपसभापति कृष्ण प्रसाद पाण्डेले स्वागत र सचिव चन्द्रकान्त न्यौपानेले कार्यक्रमको सञ्चालन गरेका थिए ।

# बुटवल उद्योग वाणिज्य संघको अधिवेशन असोजमा

बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको वार्षिक साधारणसभा तथा अधिवेशन आगामी असोजमा हुने भएको छ। संघका अध्यक्ष हरिप्रसाद अर्यालको अध्यक्षतामा शुक्रबार संघमा बसेको कार्यसमिति बैठकले संघको ७३औं वार्षिक साधारण सभा तथा २६औं अधिवेशन आगामी असोज २१ गतेदेखि २३ गतेसम्म गर्ने निर्णय गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए ।

बैठकमा कोषाध्यक्ष बसन्तप्रसाद ढकालले प्रस्तुत गरेको चालु आर्थिक वर्ष २०८३-०८४ को लागि आयव्यय स्वीकृत भएको छ । संघका कोषाध्यक्ष ढकाल संयोजक रहेको बजेट तर्जुमा समितिले निर्माण गरेको आयव्यय कोषाध्यक्ष ढकालले बैठकमा प्रस्तुत गरेका थिए ।

त्यसैगरी संघले सैनामैना र देवदहमा सञ्चालन स्वीकृति पाएको डि.जि.एम. परियोजना सञ्चालनका लागि सह-परियोजना व्यवस्थापन समिति तथा विभिन्न उपसमिति गठन गरिएको छ। उक्त सह-परियोजना व्यवस्थापन समितिमा संघका अध्यक्ष हरिप्रसाद अर्याल, मलमला सामुदायिक बन उपभोक्ता समिति सैनामैनाका अध्यक्ष तुलसी पोखरेल, प्रगति सामुदायिक बन उपभोक्ता समिति देवदहका अध्यक्ष दुर्गाबहादुर राना, संघकी सह-कोषाध्यक्ष धनकुमारी खनाल, कार्यसमिति सदस्य रेनु श्रेष्ठ, सुनिता शर्मा वज्जाडे, विष्णु घिमिरे पन्त, कार्यकारी निर्देशक मदनकुमार कार्की र वरिष्ठ अधिकृत दोलबहादुर कुवँर रहेका छन् ।

त्यसैगरी संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेको संयोजकत्वमा अनुगमन तथा मुल्यांकन उपसमिति, उद्योग उपाध्यक्ष सुरज भट्टराई र वाणिज्य उपाध्यक्ष विमलराज भट्टराईको नेतृत्वमा उत्पादन उप-समिति, महासचिव मुक्तिप्रसाद अधिकारीको नेतृत्वमा खरिद उपसमिति तथा कोषाध्यक्ष बसन्तप्रसाद ढकालको नेतृत्वमा लेखा उप-समिति गठन गरिएको छ ।

बैठकमा बोल्दै संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले संघले उद्योगी व्यवसायीको हकहित तथा व्यवसायिक प्रवर्द्धन र यस क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा संघले गरेको योगदान स्मरणीय रहेको बताउँदै यस क्षेत्रका औद्योगिक तथा व्यवसायिक प्रवर्द्धनका कार्यक्रम ल्याउन सुझाव दिए ।

बुटवल उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष स्व. पद्मचन्द्र श्रेष्ठको अर्धकदको शालिक निर्माण गरिने भएको छ । संस्थापक अध्यक्षको सम्मान र संघको समेत गरिमा बढाउनको लागि साधारण सभामा अनावरण गर्नेगरी संघ परिसरमा संस्थापक अध्यक्ष स्व. श्रेष्ठको अर्धकदको शालिक निर्माण गर्ने निर्णय गरिएको नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य समेत रहेका संघका अध्यक्ष अर्यालले बताए ।

२००९ सालमा तदर्थ समिति हुँदै २०१० सालमा स्थापना भएको बुटवल उद्योग वाणिज्य संघमा संस्थापक अध्यक्ष स्व. पद्मचन्द्र श्रेष्ठले २०१६ सालसम्म अध्यक्ष भएर उद्योगी व्यवसायीको हकहित तथा यस क्षेत्रको औद्योगिक, व्यवसायिक, आर्थिक तथा सामाजिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए ।

त्यसैगरी बैठकले संघका पूर्वअध्यक्षहरुको नाममा विभिन्न विषयगत अक्षयकोष स्थापना गर्ने निर्णय गरेको छ। त्यसरी स्थापना गर्ने अक्षयकोषमा स्वयम् पूर्वअध्यक्ष वा पूर्वअध्यक्षहरुको परिवारबाट सहयोग उपलब्ध गराउन आह्वान गर्ने पनि निर्णय गरिएको महासचिव अधिकारीले बताए ।

**जेनजी...**

संविधानको धारा ७६ मा प्रधानमन्त्री नियुक्तिसम्बन्धी व्यवस्था रहेको उल्लेख गर्दै धारा ६१(४) लाई प्रधानमन्त्री नियुक्तिको आधार बनाइनु संविधानसम्मत नभएको प्रतिवेदनमा दाबी गरिएको छ ।

'जेनजी प्रदर्शनकै पृष्ठभूमिमा पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा ताजा जनादेशका निम्ति धारा संविधानको धारा ६१(४) अनुसार चुनावी सरकार गठन गरियो । जुन संविधानको दायरा भन्दा बाहिरवाट थियो,' प्रतिवेदनमा लेखिएको छ-'संविधानतः प्रधानमन्त्री नियुक्त गर्न नेपालको संविधान, २०७२ मा धारा ७६ को व्यवस्था छ । संविधानको धारा ६१(४) मा 'संविधानको पालन र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ' भन्ने कुरा उल्लेख छ ।'

यद्यपि, प्रतिवेदनमा कार्की नेतृत्वको सरकारले निर्वाचन सफलतापूर्वक सम्पन्न गराएर मुलुकलाई नयाँ राजनीतिक बाटोमा प्रवेश गराएको समितिले स्वीकार गरेको छ । प्रस्तावमा बालेन शाह नेतृत्वको सरकारको कार्यशैलीमाथि पनि प्रश्न उठाइएको छ । निर्वाचनमा झन्डै दुईतिहाइको बहुमत ल्याएर गठन भएको बालेन सरकार अन्योल र अलमलमै देखिएको प्रतिवेदनमा आरोप लगाइएको छ । 'प्रारम्भिकका क्रियाकलाप हेर्ने हो भने सरकारको कार्यशैलीमा पारदर्शी र जवाफदेहीपन खट्किएको छ,' प्रतिवेदनमा भनिएको छ- 'प्रधानमन्त्री शाहले संसद् र राजनीतिक दलहरूसँग सहकार्य गरेर अघि बढ्न चाहेका छैनन् ।'

प्रधानमन्त्रीको एक्लै हिंड्ने शैली र सामाजिक सञ्जालको जगमा चल्ने लोकरिझ्याइँका कारण सरकारको संसद् र दल दुवैसँग दूरी बढ्दै गएको टिप्पणी पनि प्रतिवेदनमा छ । 'संसद्को अधिवेशन आह्वान भइसकेपछि त्यसलाई स्थगित गरी आठवटा अध्यादेश जारी गरिनु भनेको लोकतान्त्रिक पद्धतिको अनुकुल होइन,' प्रतिवेदनमा भनिएको छ- 'सरकारी सेवाग्राहीका लागि सतही र प्रशासनिक सुधार गर्न खोजिएको थियो । तर, ती पनि स्थायी भएनन् ।'

सरकारी कार्यालयमा फेरि चारैतिर नागरिकलाई सास्ती दिने गरी लाइन बस्नुपर्ने बाध्यता सिर्जना भएको, सुकुमवासीहरूका निम्ति पूर्वतयारीबिना अमानवीय तरिकाले हटाइएको भन्दै प्रतिवेदनमा आपत्ति जनाइएको छ । सरकारको 'असहिष्णु' चरित्रकै कारण मधेश-तराईमा तीन जनाको ज्यान जानेगरी सदियौंदेखि कायम रहेको सामाजिक सौहार्दता बिग्रिएको विषयले सबैको गम्भीर ध्यानाकर्षण भएको बताइएको छ । प्रतिवेदनमा कानुनको शासनभित्र निजी क्षेत्रलाई लगानी, उत्पादन र रोजगारी सिर्जनाको साझेदारका रूपमा विकास गर्नुपर्नेमा जोड दिइएको छ ।

'अपराधमा शून्य सहनशीलता कायम गर्दै अनुसन्धानलाई प्रमाणमा आधारित, पारदर्शी र निष्पक्ष बनाउने तथा लगानीको सुरक्षा सुनिश्चित गर्ने नीति लिनुपर्छ,' प्रतिवेदनमा भनिएको छ ।

युवालाई विदेश जान रोक्नेभन्दा नेपालमै अवसर सिर्जना गर्ने नीति दिनुपर्ने, सीप विकास, स्टार्टअप, उद्यमशीलता, डिजिटल अर्थतन्त्र, कृषि, पर्यटन, ऊर्जा र सूचना प्रविधिमा रोजगारी सिर्जना गर्ने स्पष्ट कार्यक्रममा लाग्नुपर्ने र युवालाई नीति निर्माण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता दिनुपर्ने पनि प्रतिवेदनमा जोड दिइएको छ । भेलामा रमेश लेखकले विधान संशोधन प्रस्ताव पेस गरेका छन् ।

४३ बुँदे संशोधन प्रस्तावमा एक व्यक्ति एक पददेखि पार्टीका सबै तहका उमेदवार छनोट समितिमा पूर्वसभापतिबाट निश्चित संख्यामा र सभापतिका निकटतम प्रतिस्पर्धीलाई समावेश गर्ने व्यवस्था गर्नेसम्म प्रस्ताव गरिएको छ । "सामान्यतया एक व्यक्ति एकपटकमा एकपदमा मात्र जिम्मेवारीमा रहनसक्ने गरी आवश्यक व्यवस्था गर्ने," प्रस्तावमा उल्लेख छ-"समानुपातिक प्रणालीमा उमेदवार बनाउँदा वा पार्टीको तर्फबाट मनोनीत गर्दा निरन्तर अवसर प्रदान गर्ने अवस्थालाई निरुत्साहित गर्ने ।" पार्टीको केन्द्रीय निर्वाचन प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने, पार्टीको सबै तहका निर्वाचित सभापति र पदाधिकारीहरूको अविश्वास प्रस्ताव सम्बन्धमा समयसापेक्ष परिमार्जन गर्ने प्रस्ताव गरिएको छ ।

नेपाली कांग्रेसका अग्रज नेतृत्व, क्रियाशील सदस्यहरूलाई सम्मान स्वरुप केन्द्रीय कार्यसमितिले निर्णय गरी निश्चित संख्यामा मानार्थ महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यमा मनोनयन गर्ने प्रस्ताव गरिएको छ । भेलामा पूर्वपरराष्ट्रमन्त्रीसमेत रहेका नेता एनपी साउदले 'मुलुकको समसामियक विषयको प्रस्ताव' प्रस्तुत गर्दै पार्टीले जनतासमक्ष गल्ती स्वीकार गर्नुपर्ने धारणा राखेका छन् । आत्मसमीक्षा कमजोरी नभई सुधारको पहिलो आधार भएको उल्लेख गर्दै उनले गल्तीबाट पाठ सिक्ने प्रतिबद्धता नागरिकसामु गर्नुपर्ने सुझाव प्रस्तुत गरेका छन् । 'कांग्रेसले जनतासँग इमानदारीपूर्वक भन्न सक्नुपर्छ- हामीले पनि गल्ती गरेका छौं, तर हामी आफ्ना गल्तीबाट सिक्छौं र लोकतन्त्र, संविधान तथा जनताको अधिकारलाई अझ बलियो बनाउने जिम्मेवारीबाट पछि हट्दैनौं', उनले आफ्नो प्रतिवेदनमा लेखेका छन्-'यस्तो स्वीकारोक्तिले पार्टीलाई कमजोर होइन, अझ विश्वसनीय बनाउनेछ ।'

यस्तै साउदले संसद्मा कांग्रेसको भूमिका कमजोर रहेको टिप्पणी पनि गरेका छन् । 'संसदीय फाँटमा नेपाली कांग्रेसको उपस्थिति र प्रभावकारिता कमजोर छ । सत्ताको छायामा कांग्रेस परेको अनुभूति हुँदै छ', साउदले भनेका छन्-'संसद्मा संख्यात्मक रूपमा कमजोर हुनुको अर्थ कांग्रेसको राजनीतिक भूमिका समाप्त हुनु होइन । राष्ट्रिय मुद्दामा प्रभावकारी वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्न नसक्नु अझ ठुलो चुनौती हो। प्रमुख प्रतिपक्षका रूपमा कांग्रेसले सरकारका कमजोरीहरू औंल्याउने मात्र होइन, जनतालाई विश्वास दिलाउने वैकल्पिक नीति र कार्यक्रम पनि प्रस्तुत गर्नुपर्छ ।'

उनले अगाडि लेखेका छन्-'तर संख्यात्मक कमजोरीसँगै राष्ट्रिय मुद्दामा प्रभावकारी हस्तक्षेप गर्न नसक्ने अवस्था उत्पन्न भयो भने प्रमुख प्रतिपक्षका रूपमा पार्टीको प्रभाव अझ कमजोर हुन्छ ।

**१९० ...**

आफ्ना नातागोतालाई पनि मुद्दा नलाग्ने । १९० तोला सुनको पनि खोजबिन गर्न नपाइने । हाम्रो चाहिँ यो लगाएको कपडा कुन पैसाले किनेको छ भनेर सोध्ने ? यो स्टकोट कहाँबाट आयो रु कुन टेलरले सिलाएको ? धागो कहाँबाट ल्याइयो ? मेसिनले सिलाइसक्यो कि हातले सिलाइसक्यो ? भनेर खोज्ने ?'

उनले सुनसरीमा सरकारले आफैं साम्प्रदायिक विद्वेष भड्काएको आरोप लगाए । उनले थपे-'आफैं विद्वेष, झगडा लगाउन खोज्ने । गोलबजार, सुनसरीमा विभिन्न किसिमको हिंसा भड्काइयो। आफ्ना कार्यकर्ता भेला गरेर फेरि एउटा सम्झौता गरेर अनि आन्दोलन साम्य पारे ।' उनले प्रधानमन्त्रीले नेपालले पनि भारतको सीमा मिचेको छ भनेर दिएको अभिव्यक्तिप्रति आपत्ति जनाए ।

**गृहमन्त्री ...**

भाषण नै गर्ने रहर भए बर्दी खोलेर चुनाव लड्न आउने,' सुनारले लेखेका छन् ।

सांसद सुनारले आइजीपी कार्कीमाथि पुनः आरोप लगाउँदै आफ्ना छोराछोरी युरोप-अमेरिकामा राखेर यहाँ अरूका छोराछोरीलाई दुःख दिएको आरोपसमेत लगाएका छन् ।

'आफ्नो छोराछोरी युरोप-अमेरिका राखेर गरिबका छोराछोरीलाई गेटमा बुट बजार्न लगाउने, आफू भित्र बुट खाएर बस्ने, तल्लो दर्जाका सिपाही, हवल्दार भ्वाङ परेको बुट र खुइलिएको चुस्ता लगाएर, उसिनेको भात र कुँडोजस्तो दालको भरमा १८-२० घण्टा सडकमा डिउटी गरेको छ । छोराछोरी पढाउन सकेको छैन, बैंकको किस्ता तिर्न सकेको छैन । यस्ता गरिबको नाममा आएको बजेट हिनामिना गरेर, अझ केही नभएजसरी प्रवचन दिँदै हिंड्ने ?', -उनले प्रश्न गरेका छन् ।

उनले आफू सांसद मात्र नभई भ्रष्टाचारको विषयमा आवश्यक परे जीवन दाउमा राख्नसमेत तयार रहेको बताएका छन् । 'सांसद त के कुरा, जिन्दगी दाउमा राख्न तयार छु, हिसाब हुन्छ । जुत्ता लगाउने हो, खाने हैन ।'- सुनारले भनेका छन् ।

सुनारले आफूहरूले कसैमाथि कपोकल्पित आरोप नलगाएको दाबी गर्दै प्रहरी र सशस्त्र प्रहरीविरुद्ध समितिमा परेको उजुरी छानबिन गर्नुपर्ने धारणा राखेका छन्। 'हामीले कसैमाथि कपोकल्पित आरोप लगाएको हैन, प्रहरी र सशस्त्र प्रहरीविरुद्ध समितिमा परेको उजुरी छानबिन गरौं भनेको हो । समाचार, समितिमा सांसदको शैली भएन । टिप्पणी भेलिको शैलीमा अनियमितताको छानबिन हुँदैन ।'- उनले लेखेका छन् ।

उनले बदमासी भएको दाबीसहित समितिमा उजुरी आएपछि सार्वभौम सांसदको हैसियतले आवश्यक प्रश्न गरिएको र आगामी दिनमा पनि गरिने बताएका छन् ।

'भ्रष्टाचारको औषधि झोलमा खाने कि चक्कीमा भनेर सोधेर खुवाउन सकिँदैन । बदमासी भएको दाबीसहित समितिमा उजुरी आयो र एक सार्वभौम सांसदको हैसियतले आवश्यक प्रश्न गरियो, गरिन्छ । हामी स्वतन्त्र, निष्पक्ष, व्यावसायिक प्रहरीको पक्षमा छौं ।'- सुनारले भनेका छन् ।

सुनारले आफ्नो धारणा सार्वजनिक गर्नेसँगै सार्वजनिक लेखा समितिमा परेको भ्रष्टाचारसम्बन्धी उजुरीसमेत सार्वजनिक गरेका छन् ।

**अनुभव ....**

राप्रपाको विधानअनुसार दुईवटा निर्वाचन क्षेत्र रहेकोले पश्चिम नवलपरासीमा ३१ सदस्यीय जिल्ला कार्यसमिति गठन हुनेछ ।

जिल्ला अध्यक्षसहित ७५ प्रतिशत सदस्य निर्वाचनमार्फत् चयन हुनेछन् भने बाँकी २५ प्रतिशत सदस्य तथा पदाधिकारी मनोनयनबाट चयन हुने व्यवस्था छ । जिल्ला सदस्य पदमा भने उम्मेदवारहरू निर्विरोध चयन भइसकेको निर्वाचन समितिले जनाएको छ ।

विधानअनुसार जिल्ला समितिमा अध्यक्ष, तीन उपाध्यक्षमध्ये एक महिला, एक सचिव, एक प्रवक्ता, एक कोषाध्यक्ष र दुई सहसचिव रहने व्यवस्था छ ।

## महिला हराएको सूचना

यही मिति २०८३ साउन ८ गते बिहान गुल्मीको इस्मा गाउँपालिका - २, पालुखा स्थित मेरो घरबाट मेरी ३४ वर्षीया श्रीमती जमुना बिक एक छोरा र एक छोरी छाडेर बेपत्ता भएको हुँदा फेला पार्नु हुने महानुभावले निम्न नम्बर वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

वीरेन्द्र कामी
सम्पर्क न.: ९७६४१६४५१०
ठेगानाः इस्मा गाउँपालिका–२ पालुखा गुल्मी



ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# न्यू होराइजनका कक्षा ११ का विद्यार्थीलाई स्वागत




बुटवल । न्यू होराइजन अंग्रेजी आवासीय मा.वि. बुटवलमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीलाई कक्षा १२ का विद्यार्थीहरुले स्वागत गरेका छन् । विद्यालयमा विज्ञान र व्यवस्थापन संकायमा भर्ना भएका सात सय बढी विद्यार्थीलाई मणिग्राममा आयोजित एक समारोहमा सांगीतिक प्रस्तुतिसहित स्वागत गरिएको हो ।

कार्यक्रममा विद्यालयका अध्यक्ष ज्ञानेन्द्रप्रसाद कसजूले रुपन्देहीमा गुणस्तरीय शिक्षा दिने पवित्र उद्देश्यले ३७ वर्ष अघि शिक्षाप्रेमीहरुले न्यू होराइजन संस्था स्थापाना गरेको चर्चा गर्दै संस्थाले विद्यालय तहदेखि विश्वविद्यालय तहासम्मको शिक्षा दिने देशकै अग्रणी शैक्षिक संस्था बनेको बताए ।

प्राचार्य बासुदेव अर्यालले गुणस्तरीय र संस्कारयुक्त शिक्षामा संस्था प्रतिबद्ध रहेकै कारण हरेक वर्ष देशमै उत्कृष्ट नतिजा आउने गरेको बताए । संस्थाले पाठ्यक्रमको ज्ञानसँगै विद्यार्थीको सर्वाङ्गीण विकास गर्न खेलकुद र अतिरिक्त क्रियाकलापमा विद्यार्थीलाई सहभागी गराउँदै आएको बताए ।

निवर्तमान प्राचार्य लोकनाथ उपाध्यायले ३७ वर्ष लामो र गौरवपूर्ण इतिहास बोकेको देशकै प्रतिष्ठित शैक्षिक संस्था न्यू होराइजनलाई छनोट गर्नु विद्यार्थी र अभिभावक गुणस्तरीय शिक्षाप्रति सचेत रेहेको पुष्टी भएको बताए ।

कक्षा १२ का छात्र स्मरण पौडेलको अध्यक्षता, रिजन श्रेष्ठ, मेलिना गुरुङ, प्रसिद्धिका श्रेष्ठ र उप्सना थापाको सञ्चालन, रक्षा चुँदालीको स्वागत तथा कक्षा १२ की मन्दिपा पौडेल र कक्षा ११ की जुविका भुसालले मन्तव्य राखेको कार्यक्रममा विद्यार्थीहरुले विभिन्न विधाका गीत र नृत्य प्रस्तुत गरेर सहभागीलाई भरपूर मनोरन्जन दिलाएका थिए ।

उक्त कार्यक्रम स्वागत कार्यक्रम मात्र नभई विद्यार्थीहरुमा अन्तरनिहीत प्रतिभा, कला, क्षमता र व्यक्तित्व प्रष्फुटन गर्ने र एक अर्काको प्रतिभा अनुशरण गर्ने महत्वपूर्ण अवसर भएको कार्यक्रमको समग्र संयोजन गरेका उपप्राचार्य राजीव श्रेष्ठले बताए ।

# जेनस हस्पिटल सय शैयामा स्तरोन्नति हुँदै

बुटवल । बुटवलको अस्पताललाइन भुड्कीचोकमा सञ्चालनमा रहेको जेनस हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि शनिबारदेखि बुटवल ८ सुख्खानगरस्थित आफ्नै भवनबाट सञ्चालनमा आएको छ ।

एउटै भवनबाट अर्थोपेडिकसहित अन्य विभिन्न विशेषज्ञ सेवा दिने गरी लुम्बिनी प्रदेशमै नमूना अस्पताल बनाउने लक्ष्यसहित नयाँ भवनमा अस्पताल सञ्चालन गरिएको अध्यक्ष तथा वरिष्ठ अर्थोपेडिक डाक्टर मोहन सिंहले बताए ।

सबै प्रकारका विशेषज्ञ उपचार सेवा अब बुटवलमै उपलब्ध गराई भारतको मेदान्त वा काठमाडौंसम्म पुग्ने अवस्था अन्त्य गर्ने डा. सिंहले दाबी गरे ।

२४ शैयाबाट सुरु भएको अस्पताल छिट्टै एक सय शैयामा पुऱ्याउने तयारी छ । डा. सिंहका अनुसार हस्पिटलमा जनरल सर्जरी, अर्थोपेडिक, न्यूरो सर्जरी, पेडियाट्रिक, मृगौलालगायत रोगको सहज उपचार हुने उनले बताए ।

हस्पिटलमा डायलाइसिस, इमर्जेन्सी, आइसीयू, एनआइसीयू, पीआइसीयु, एचडीयू, मेडिकल सर्जिकल, फार्मेसीलगायतका सेवा उपलब्ध रहेको अध्यक्ष डा. सिंहले बताए ।

हस्पिटलमा बैंकको मात्रै ५० करोड लगानी रहको र आफ्नो निजी लगानी समेत गर्दा भविष्यमा एक अर्ब बढी लगानी पुग्ने डा. सिंहले बताए । अस्पतालमा २० जना डाक्टर पनि जोडिएका छन् ।

अस्पतालले बिरामीको अपरेसनका लागि धरौटी अनिवार्य राख्न नपर्ने र औषधि खरिद पनि शुरुमा अस्पताल आफैँले गरी उपचार सकिएपछि भुक्तानी गरे हुने सुविधा दिएको डा. सिंहले बताए । हाल हस्पिटलमा ७० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

# प्राध्यापकहरूलाई सूचना प्रविधिमा अनुसन्धान आर्टिकल लेखन कार्यशाला



बुटवल । लुम्बिनी सिटी कलेजमा प्राध्यापक तथा कर्मचारीलाई लक्षित गर्दै दुई दिने सूचना प्रविधिमा आधारित अनुसन्धान आर्टिकल लेखन कार्यशाला शनिबारदेखि सुरु भएको छ । कलेजको प्राङ्गणमा सञ्चालन गरिएको उक्त कार्यक्रममा पहिलो दिन कलेजका सम्पूर्ण प्राध्यापक तथा कर्मचारीको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रम संयोजक विशाल कंडेल र सुजन ढकालको समन्वयमा कार्यक्रम सञ्चालन भएको हो ।

उक्त कार्यशालाको उद्घाटन लुम्बिनी सिटी कलेजका अध्यक्ष तथा क्याम्पस प्रमुख प्रा.डा.गणेशप्रसाद पाठकले गरेका हुन् । उनले शैक्षिक क्षेत्रमा अनुसन्धानको महत्वबारे प्रकाश पार्दै भने-" अनुसन्धानले ज्ञानको वृद्धि मात्रै होइन, समाजलाई सशक्त बनाउने कार्य गर्दछ ।" उक्त कार्यशालाको प्रमुख प्रशिक्षक राष्ट्रिय खुला विश्वविद्यालयका कार्यवाहक डीन डा.भोजराज घिमिरेले सूचना प्रविधिमा आधारित अनुसन्धान पद्धतिका व्यवहारिक पक्षबारे प्रभावशाली प्रस्तुतिकरण गरेका थिए । उनले अनुसन्धानलाई शिक्षणसँगै जोडेर व्यवहारिक प्रयोगमा कसरी उतार्न सकिन्छ भन्ने विषयमा सहभागीलाई मार्गदर्शन गरे । अहिलेको प्रविधियुक्त अनुसन्धानात्मक प्रक्रियाहरुको व्यवहारिक पक्षहरुका बारेमा रोचक तथा प्रयोगात्मक सिकाइबारे चर्चा गर्दै उनले अनुसन्धान क्रियाकलापले कलेजको शैक्षिक उपलब्धि प्राप्त हुने जनाए ।

कार्यक्रम सहायक क्याम्पस प्रमुख नारायण प्रसाद भुसालले सञ्चालन गर्दै अनुसन्धनात्मक लेखनले प्राविधिक शिक्षाको क्षेत्रमा शैक्षिक गुणस्तरता बढाउन रिसर्च र डेभलोपमेन्टमा प्राध्यापक तथा कर्मचारी वर्गको सहभागिताले महत्वपूर्ण भूमिका रहने बताए । यस्ता कार्यक्रहरू निरन्तर गरिरहनकालागि लुम्बिनी सिटी कलेज सदैव तत्पर रहने पनि उनले जनाए । कलेजमा बी.एस.सी. सी.एस.आइ.टी, बी.आइ.टी.एम. तथा बी.सि.ए. कार्यक्रमका अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई पनि यस्ता कार्यक्रमहरू गराइरहने जानकारी कलेज प्रशासनले जानकारी दिएको छ । कलेजले यस्ता अनुसन्धान लेख लेखन कार्यशालाले सहभागीलाई सिर्जनात्मक सोँच र विश्लेषणात्मक क्षमता बढाउने अवसर दिनुका साथै शैक्षिक जगतलाई नवीन दृष्टिकोण र गहिरो अध्ययनतर्फ प्रेरित गर्ने विश्वास लिइएको छ ।

# प्रथम ज्ञानपुन्ज अन्तरविद्यालय सेभेन ए साईड फुटबल हुँदै




बुटवल । बुटवलको ज्ञानपुञ्ज इगलिस बोर्डिङ स्कुलले प्रथम ज्ञानपुञ्ज जिल्लास्तरीय अन्तरवद्यालय सेभेन ए साईड फुटबल प्रतियोगिता २०८३ गर्ने भएको छ ।

भदौ १ देखि ८ गतेसम्म देविनगरस्थित एन्फा टेक्निकल सेन्टरमा सञ्चालन हुने प्रतियोगितामा ४४ टिमले भाग लिने निश्चित भई टाईसिट समेत सार्वजनिक गरिएको विद्यालयका प्रधानाध्यापक शंकर भण्डारीले बताए । नयाँ व्यवस्थापन टिमआएसँगै विद्यालयले पहिलोपटक जिल्लास्तरीय अन्तरविद्यालय सेभेन ए साईड फुटबल प्रतियोगिता गर्न लागेको प्राचार्य भण्डारीले बताए ।

विद्यार्थीमा खेलकुदप्रति रुचि जगाउने र विद्यालयस्तरबाटै खेलाडी उत्पादनमा योगदान गर्न प्रतियोगिताले टेवा पुग्ने उनले जनाए । प्रतियोगितामा प्रत्यक्ष ४ सय खेलाडीहरु र एक लाख दर्शकहरुले खेल अवलोकन गर्ने उनको दाबी छ । विजेताले ५१ हजार नगद पुरस्कार, प्रतियोगिता सम्पन्न गर्न करीब ७ लाख खर्च हुने अनुमान रहेको छ । यसमा विभिन्न व्यवसायिक संस्था, उद्योग र क्लबहरुको सहकार्य रहेको प्राचार्य भण्डारीले बताए ।

विद्यालयले सेभेन ए साइड अन्तर विद्यालय फुटबल प्रतियोगितालाई ब्राण्डको रुपमा विकास गर्दै आगामी दिनमा यो प्रतियोगिताको स्तर, पुरस्कार राशी वृद्धि गर्दै लैजाने उनले जनाए ।

कार्यक्रममा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष रामप्रसाद भट्टराई, खेलकुद पत्रकार मंच रुपन्देहीका अध्यक्ष सुमन अधिकारी, उपप्राचार्य भिम बस्नेतले विद्यालयस्तरबाट खेलकुद गतिविधिहरु भएमात्र खेलको विकास हुने बताए । प्रतियोगिताको टाईसिट अनुसार उद्घाटन खेल अक्सफोर्ड बोर्डिङ र देवदह बोर्डिङ स्कुल बिचमा हुने भएको छ ।

५५ सय तलबबाट सुरु भएको यात्रा :

# अहिले कर्मचारीलाई १० लाख बढी तलब खुवाउँछन्: भुसाल





**प्रेम सुनार**
*गुल्मी*

कुनै समय अर्काको अस्पतालमा करारमा काम गर्दा महिनाको ५ हजार ५ सय रुपैयाँ तलब बुझ्ने गुल्मीका केदार भुसाल अहिले करिब ३५ जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी दिइरहेका छन् । ती कर्मचारीको तलब तथा अन्य खर्चमा मात्रै मासिक करिब १० लाख रुपैयाँ खर्च हुने उनी बताउँछन् ।

पश्चिम गुल्मीको विकट मदाने गाउँपालिका-२ बाँझकटेरीमा जन्मिएका भुसाल अहिले बुटवलमा व्यवसायिक पहिचान बनाएका युवा व्यवसायी हुन् । जागिरे जीवनबाट सुरु भएको उनको यात्रा अस्पतालको निर्देशक हुँदै अहिले मदाने फर्निचरको सञ्चालकसम्म आइपुगेको छ ।

स्वर्गीय बुबा चुरामणि भुसाल र आमा द्रुपत्ता भुसालको परिवारमा जन्मिएका केदार परिवारका चौथो सन्तान तथा माइला छोरा हुन् । एक जना दाजु, तीन दिदीबहिनी र आफूभन्दा मुनि दुई भाइ रहेका उनको बाल्यकाल बाँझकटेरीकै ग्रामीण परिवेशमा बित्यो ।

उनले प्रारम्भिक शिक्षा पञ्चमी पोखरी प्रावि र माध्यमिक शिक्षा बाँझकटेरी माध्यमिक विद्यालयबाट पूरा गरे । उच्च शिक्षा अध्ययनका लागि बुटवल आएका उनले पढाइसँगै जागिरे जीवन सुरु गरे ।

२०६२ सालमा केही समय भैरहवास्थित भीम अस्पतालमा करारमा काम गरे । त्यसपछि सोही वर्ष पाल्पाको प्रवासस्थित लुम्बिनी मेडिकल कलेजमा काम गर्ने अवसर पाए । २०६५ सालमा तम्घासस्थित आशा अपाङ्ग केन्द्रमा करिब डेढ वर्ष काम गरे । तर, महिनाको ५ हजार ५ सय रुपैयाँको तलबबाट जीवन चलाइरहेका केदारको सोच भने जागिरमा मात्र सीमित थिएन ।

**१० लाख क्यास बोकेर अस्पताल खोल्ने सपना**

अस्पतालमा काम गर्दागर्दै आफ्नै अस्पताल खोल्ने योजना उनले बनाए । त्यतिबेला उनीसँग करिब १० लाख रुपैयाँ नगद पुँजी थियो । तर अस्पताल सञ्चालनका लागि त्यो रकम पर्याप्त थिएन ।

त्यसपछि उनले १५-२० जना साथीलाई साझेदार बनाएर लगानी जुटाए । साझेदारहरूको लगानीबाट अस्पताल सञ्चालनको पुँजी तयार भयो र सञ्चालक समितिको निर्णयअनुसार उनी अस्पतालको निर्देशक बने । त्यतिबेला उनको उमेर थियो–मात्र २५ वर्ष ।

**२५ वर्षमै अस्पताल निर्देशक**

२०६६ साल मंसिरमा बुटवल आएपछि भुसालको अगुवाइमा ल्यान्डमार्क हस्पिटल प्रा.लि. स्थापना भयो । १५ शैयाको अस्पताल दर्ता गरेर उनी त्यसका प्रबन्ध निर्देशक बने ।

कम उमेरमै अस्पतालको निर्देशक बनेको विषयलाई तत्कालीन केही सञ्चारमाध्यमले समेत समाचारको विषय बनाएका थिए । तर अस्पताल व्यवसायको यात्रा सहज रहेन ।

२०६९ सालमा स्वास्थ्य सेवा निर्देशनालयले अस्पताल सञ्चालनका लागि नयाँ मापदण्डसहितको निर्देशिका जारी गरेपछि आफ्नो जग्गा नभएका कारण ल्यान्डमार्क हस्पिटल बिक्री गर्नुपर्ने अवस्था आयो । भुसालले त्यसलाई अन्त्य मानेनन् ।

**एउटा अस्पताल बेचियो, अर्को खोलियो**

२०७० सालमा बुटवलको भुड्कीचोकमा पुनः अर्को अस्पताल दर्ता गरेर देवदह हस्पिटल प्रालि सञ्चालनमा ल्याए, उनले । तर शहरी विकास तथा भवन डिभिजन कार्यालय भैरहवाले उक्त भवनलाई अस्पताल सञ्चालनका लागि स्वीकृति नदिएपछि त्यो अस्पताल पनि बिक्री गर्नुपऱ्यो ।

त्यसपछि केही समय देवदह मेडिकल कलेजमा आबद्ध भए । फेरि नयाँ योजना बनाए । बुटवल-११ नहरपुरमा छ कट्ठा जग्गा खरिद गरेर अस्पताल सञ्चालन गर्ने तयारी थाले । केही पूर्वाधार निर्माणको कामसमेत अघि बढ्यो । तर त्यसैबिच कोरोना संक्रमण सुरु भयो । अस्पताल बनाउने योजना फेरि थाती रह्यो ।

**स्वास्थ्य क्षेत्र छाडेर फर्निचरमा**

अस्पताल व्यवसाय छाड्नुको कारणबारे भुसाल भन्छन्, अस्पताल सञ्चालनमा समय र व्यस्तता धेरै हुने मात्र होइन, सरकार परिवर्तनसँगै स्वास्थ्य नीति परिवर्तन हुँदा लगानीकर्तासमेत मर्कामा पर्ने र सञ्चालकको लगानी सुरक्षाको ग्यारेन्टी नहुने भएकाले स्वास्थ्य व्यवसाय अन्य व्यवसायभन्दा बढी जोखिमपूर्ण र झन्झटिलो भएको अनुभव भयो ।

त्यसपछि उनले नयाँ व्यवसायमा हात हाले । 'मदाने ट्रेडर्स' नामको फर्म दर्ता गरे । उनले भारतबाट सर्जिकल इक्विपमेन्टका सामान आयात गरी बिक्री वितरण गर्न थाले । त्यही क्रममा एक जना दाजुले आफ्नो फर्निचर उद्योग बिक्री गर्न लागेको जानकारी पाएपछि उनले उक्त फर्म खरिद गरे । त्यसपछि सुरु भयो–मदाने फर्निचरको यात्रा ।

**१० लाखबाट मासिक खर्च, ५ करोड लगानी**

सुरुमा नयाँ व्यवसाय कस्तो हुन्छ भनेर परीक्षणका रूपमा फर्निचर क्षेत्रमा प्रवेश गरेका भुसाल विस्तारै यसै व्यवसायमा जम्दै गए ।

उनका अनुसार अहिले बुटवल -११ को नहरपुरमा मदाने फर्निचरमा करिब ५ करोड रुपैयाँ लगानी भइसकेको छ । सम्पूर्ण व्यवसायको अनुमानित पुँजी भने ५ देखि ७ करोड रुपैयाँ रहेको उनको भनाइ छ । मदाने फर्निचरमा प्रत्यक्ष तथा अप्रत्यक्ष गरी करिब ३५ जना आबद्ध छन् । कर्मचारीको तलबलगायत मासिक खर्च करिब १० लाख रुपैयाँ हुने उनी बताउँछन् ।

हाल फर्निचर उद्योग आफ्नै करिब छ कट्ठा जग्गा र भवनमा सञ्चालन भइरहेको छ ।

**'स्वदेशमै उत्पादन, स्वदेशमै खपत'**

फर्निचर व्यवसायमा टिकिरहनुको एउटा महत्वपूर्ण कारण आफ्नै उत्पादन र स्वदेशी बजार भएको भुसाल बताउँछन् ।

उनको भनाइमा व्यवसाय सुरु गरेपछि विस्तारै 'आफ्नै उत्पादन, स्वदेशकै उत्पादन, स्वदेशमै खपत' भन्ने अवधारणालाई आत्मसात गर्दै गए ।

फर्निचर व्यवसायमा स्वास्थ्य क्षेत्रमा जस्तो औषधि वा सामग्री बिग्रिने तथा म्याद गुज्रिने समस्या नहुने र अस्पतालजस्तो २४ घण्टा सञ्चालन गर्नुपर्ने बाध्यता पनि नरहेको उनको अनुभव छ । मदाने फर्निचरको मुख्य आकर्षण नयाँ-नयाँ डिजाइनका फर्निचर रहेको उनी बताउँछन् ।

साल, सिसौ, सगुनलगायतका काठ तथा एग्रेडका सामग्री प्रयोग गरेर घरका सम्पूर्ण आवश्यक फर्निचरदेखि कार्यालयका फर्निचरसम्म उत्पादन गरिने उनको भनाइ छ ।

**व्यवसायमा परिवारको साथ**

मदाने फर्निचरको सञ्चालनमा भुसाल एक्लै छैनन् । उनकी श्रीमती झरना खनाल तथा छोराहरू आयाम भुसाल र आरम्भ भुसालको पनि व्यवसायमा प्रत्यक्ष भूमिका रहेको उनी बताउँछन् ।

यसरी मदाने फर्निचर अहिले व्यवसायसँगै परिवारको सहभागितामा अघि बढिरहेको उद्यम बनेको छ ।

**'समाज हामीले बनाउने हो'**

व्यवसायसँगै भुसालको सामाजिक सक्रियता पनि अघि बढिरहेको छ । उनी विभिन्न संघसंस्थाको नेतृत्वमा रहेको बताउँछन् । सामाजिक काममा आफ्नो रुचि र लगाव रहेको भन्दै भुसाल भन्छन्-'हाम्रो समाज हामीले बनाउने हो ।'

यही सोंचका कारण सामाजिक काममा आफूले बढी रुचि राख्ने उनको भनाइ छ ।

**राजनीतिमा पनि रुचि**

व्यवसाय र सामाजिक कामसँगै भुसालको राजनीतिक यात्रा पनि अघि बढिरहेको छ । उनी नेकपा एमाले गुल्मी जिल्ला कमिटीका सचिवालय सदस्य छन् । विभिन्न संघसंस्थाको नेतृत्वमा समेत आफू आबद्ध रहेको उनी बताउँछन् ।

राजनीतिलाई समाज र राज्यलाई सही दिशा दिने माध्यमका रूपमा लिने भुसालको तत्कालका लागि भने पालिका अध्यक्ष वा सांसद बन्ने योजना छैन । भविष्यमा परिस्थिति बने त्यसबेला सोचविचार गरेर अघि बढ्ने उनको भनाइ छ ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

## प्रमाणित सम्बन्धमा ।

मितिः २०८३।०४।३१

प्रस्तुत विषयमा जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), बर्दघाट नगरपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं. 5749390Y का खेम बहादुर पुन मगर (ना. प्र. नं. ११४२८, नवलपरासी) भारतीय पेन्सन पट्टा अनुसार Khim Bahadur Pun को पत्नी यम माया पुन (ना. प्र. नं. ११५, नवलपरासी) को नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन पट्टामा निम्न बमोजिमको विवरण फरक परेता पनि व्यक्ति एउटै रहेको भनि बर्दघाट नगरपालिका, वडा नं. ४ को कार्यालयको चलानी नं. ३८५, मिति २०८३/०४/२६ गतेको सिफारिस पत्रानुसार भारतीय पेन्सन प्रयोजनार्थ मात्र प्रमाणित गरिन्छ ।

**निम्नः**

| क्र. सं. (नाता) | नेपाली नागरिकता प्रमाणपत्रमा उल्लेख भएको विवरण | | भारतीय पेन्सन पट्टामा उल्लेख भएको विरण | |
|---|---|---|---|---|
| | नाम, थर | जन्म मिति (वि.सं.) | नाम, थर | जन्म मिति (A.D.) |
| १ | यम माया पुन | २०१७ /१२/१६ | Yam Kumari Pun | ०२-०१-१९६१ |



प्रमुख जिल्ला अधिकारी

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com